आज मिति २०८० भाद्र २७ गते दिउसो १ बजे भेरीगंगा नगर कार्यपालिकाको ३४ औं बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभाकक्षमा तपशिल बमोजिमको उपस्थितमा बसि देहाय बमोजिमका निर्णयहरु गरियो ।

तपसिल :

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उपप्रमुख
श्री दिनेश पुलामी मगर, अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंग बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री खगिसरा नेपाली, का वा वडा अध्यक्ष वडा नं. ५
श्री लालसिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री इश्वर पोखेल, का वा वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री राम बहादुर डाङ्गी, अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सदस्य सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगी कर्मचारिहरु :

श्री कृष्णप्रसाद शर्मा, अधिकृत छैटौं
श्री मोतिलाल प्रसाद, प्राविधिक शाखा
श्री कमलसिंह वि क, योजना शाखा
श्री पुष्कर आचार्य, एम आई एस अपरेटर
श्री रेविका परियार, कार्यालय सहयोगी
श्री वीर बहादुर चुनारा, अ.स.

| क्र.सं. | बैठकका एजेण्डाहरु |
|---|---|
| १. | स्वास्थ्य सेवाका कर्मचारी व्यवस्थापन सम्वन्धमा । |
| २. | बार्षिक खरिद योजना सम्वन्धमा । |
| ३. | हिमशिखर बहुमुखि क्याम्पसको भवन निर्माणको प्रतिबद्धता सम्वन्धमा। |
| ४. | सौचालय निर्माण सम्वन्धमा । |
| ५. | विविध सम्वन्धमा । |

<u>मिति २०८०।०५।२७ गतेको कार्यपालिका बैठकमा भएका निर्णयहरु :</u>

**प्रस्ताव नं. ०१ : स्वास्थ्य सेवाका कर्मचारी ब्यवस्थापन सम्वन्धमा।**

**निर्णय नं. ०१ :** स्वास्थ्य सेवाका कर्मचारी व्यवस्थापन सम्वन्धमा नियमानुसार गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

**प्रस्ताव नं. ०२ : बार्षिक खरिद योजना निर्माण सम्वन्धमा।**

**निर्णय नं. ०२ :** भेरीगंगा नगरपालिकाको आ.व. २०८०।०८१ को खरिद योजनाको मस्यौदा माथि ब्यापक छलफल गरियो र सुझाव सहित आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

**प्रस्ताव नं. ०३ : हिमशिखर बहुमुखी क्याम्पसको भवन निर्माणको प्रतिबद्धता सम्वन्धमा।**

**निर्णय नं. ०३ :** यस भेरीगंगा नगरपालिकाको वडा नं ११ रामघाटमा रहेको हिमशिखर बहुमुखी क्याम्पसको प्रशासनिक भवन निर्माणका लागि भारतीय राजदुतावासवाट अनुदान माग गरेको र क्याम्पस ब्यबस्थापन समितिले यस नगरपालिकाद्धारा कुल लागतको २० प्रतिशत रकम लागत साझेदारीका लागि प्रतिबद्धता माग गरेकोले उक्त २० प्रतिशत रकम लागत साझेदारीका लागि प्रतिबद्धता गर्ने र उक्त भवन निर्माणका लागि सहयोग गरिदिन हुन भारतीय राजदुतावासलाइ सिफारिस गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ०४ : सौचालय निर्माण सम्वन्धमा ।**

**निर्णय नं. ०४ :** यस भेरीगंगा नगरपालिकाको पुरानो प्रशासनिक भवनमा सौचालय निर्माण गर्नका लागि विविध खर्च २२७११ शिर्षकवाट रु ५००००० पाँच लाख मात्र विनियोजन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ०५ : विविध सम्वन्धमा ।**

**निर्णय नं. ०५ (क) :** यस भेरीगंगा नगरपालिका र स्थानीय पुर्वाधार सहयोग कार्यक्रम LISP संगको साझेदारी अन्तर्गतका तपशिल अनुसारका योजनाहरु र बजेट बिनियोजनलाई अनुमोदन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**<u>तपशिल</u>**

CamScanner

| क्र.सं. | आयोजनाको नाम | बजेट रु (लाखमा) | | | ठेगाना |
|---|---|---|---|---|---|
| | | LISP | नगरपालिका | जम्मा रु. | |
| १ | मोहटी मनिरामकाँडा सडक निर्माण | १५.५० | १०.५० | २६.०० | भेरीगंगा नपा १ |
| २ | सिस्नेरी काल्यानी चैते सडक निर्माण | १४.५० | १०.०० | २४.५० | भेरीगंगा नपा २ |
| ३ | सानोहर्रे खोरिया ठूलोहर्रे सडक निर्माण | १४.५० | १०.०० | २४.५० | भेरीगंगा नपा ४ |
| ४ | कालीदमार लेखहातीखाल सडक निर्माण | १४.५० | १०.०० | २४.५० | भेरीगंगा नपा ५ |
| ५ | बबईहातीखाल गेरुवानी कुईने सडक निर्माण | १४.५० | १०.०० | २४.५० | भेरीगंगा नपा ५ |
| ६ | टमटा टोलदेखि झिंग्नी हुदै ७ नं. जोडने सडक नाली निर्माण | २२.०० | १५.०० | ३७.०० | भेरीगंगा नपा ६ |
| ७ | भेरीगंगा ७ अपुरा सडक निर्माण | १४.५० | १०.०० | २४.५० | भेरीगंगा नपा ७ |
| ८ | भेरीगंगा ८ सडक ग्रेभल | १४.५० | १०.०० | २४.५० | भेरीगंगा नपा ८ |
| ९ | लेकबेसी टोलदेखि प्रभात प्रा.बि.हुँदै नाच्ने खोला पुल जाने सडक निर्माण | १४.०० | ९.५० | २३.५० | भेरीगंगा नपा ९ |
| १० | हरियालीदमार, दुर्गा, भगवती, तालबारी, टाकुरी टोलमा सिंचाई कुलो निर्माण | २५.९६५ | १४.०० | ३९.९७ | भेरीगंगा नपा १० |
| ११ | दिनेशको घरदेखि भगवती प्रा.वि. जाने सडक र लापनेको घरदेखि उत्तिसपानेको घर जाने सडक निर्माण | १८.०० | १२.०० | ३०.०० | भेरीगंगा नपा ११ |
| १२ | सवडिविजन वन कार्यालय हुँदै पिपलचौतारा जाने सडक र पक्की नाली निर्माण | १४.५० | १०.०० | २४.५० | भेरीगंगा नपा १२ |
| १३ | हरियाली प्रवर्द्धन तथा फोहोरमैला प्रसोधन केन्द्र निर्माण | ७५.०० | ५०.०० | १२५.०० | भेरीगंगा नपा १२ |
| १४ | फुर्केसल्ली हुँदै साहुटोल, सुठावारी, कैनपानी पहिरो नियन्त्रण कार्यक्रम | ४३.०० | २८.५० | ७१.५० | भेरीगंगा नपा ४ र ७ |
| १५ | करेलीखोला न्याउलीचौर सिंचाई ड्याम निर्माण | ३५.०० | २३.०० | ५८.०० | भेरीगंगा नपा १३ |
| | कुल जम्मा रु. | ३४९.९६५ | २३२.५० | ५८२.४७ | |

**निर्णय नं. ०५ (ख)** : भेरीगंगा नगरपालिका वडा नं ९ का वडा अध्यक्ष श्री प्रेमबहादुर आग्री जटिल रुपमा विरामी भई काठमांडौमा उपचाररत रहेको र नीजको पारिवारिक आर्थिक अवस्था कमजोर रहेकोले सिघ्र स्वास्थ्यलाभको कामना गर्दै उपचार खर्च स्वरुप विविध खर्च २२७११ शिर्षकवाट रु ३००००० तीन लाख मात्र आर्थिक सहयोग गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ०५ (ग)** : भेरीगंगा नगरपालिकाको आ.ब. २०७९।०८० को आन्तरिक लेखापरीक्षण गर्नका लागि यसै नगरपालिकामा कार्यरत सहायकस्तर चौथो तहका कर्मचारीहरु श्री धनबहादुर सुनार र कमलसिंह वि.क. लाई थप जिम्मेवारी तोक्ने र नीजहरुलाई उक्त कार्य सम्पादन गरेपश्चात सुरु तलब स्केलको दुई महिना वरावरको थप तलब भत्ता उपलब्ध गराउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

CamScanner

**निर्णय नं. ०५ (घ) :** यस भेरीगंगा नगरपालिकाको वडा नं १० मा रहेको धार्मिकस्थल बराहडाँडामा गरिने पुजा कार्यका लागि रु ३०००० तीस हजार उपलब्ध गराउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ०५ (ङ) :** संविधानसभा अध्यक्ष पूर्व सभामुख तथा प्रतिनिधिसभाका सदस्य श्री सुवासचन्द्र नेम्वाङको मिति २०८०।५।२६ गते भएको असामयिक निधनप्रति श्रद्धाञ्जली ब्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समबेदना प्रकट गर्ने निर्णय गरियो ।